# सिगास गाउँपालिका

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

<u>प्रस्तुतकर्ताः</u>

हरि सिंह धामी
गाउँपालिका अध्यक्ष
सिगास गाउँपालिका, बैतडी

सम्वत् २०८३ साल असार ८ गते सोमवार

**सभाका सदस्यज्यूहरु,**

यस सिगास गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित सभाको बैठकमा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

यस अवसरमा सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, सशस्त्र सङ्घर्ष एवम् Gen Z आन्दोलन लगायत अन्य आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहिदप्रति हार्दिक श्रद्धान्जली अर्पण तथा घाइते हुनुभएका समपूर्ण योद्धाहरुको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । उहाँहरुको त्याग, साहस र बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहनेछ ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्दै स्थानीय सरकार जनताका घरदैलोमा सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा क्रियाशील रहेको छ। स्थानीय सरकारको स्थापना पश्चात विकास र सुशासनका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भए तापनि नागरिकका बढ्दो अपेक्षा, सीमित स्रोत साधन तथा भौगोलिक जटिलताका कारण चुनौतीहरू अझै विद्यमान रहेका छन्।

सिगास गाउँपालिका बैतडी जिल्लाको दुर्गम तथा पहाडी भूभागमा अवस्थित बैतडी जिल्लाकै सबैभन्दा ठूलो गाउँपालिका हो। यहाँको अधिकांश जनसंख्या कृषि तथा पशुपालन पेशामा आश्रित रहेको छ। पछिल्ला वर्षहरूमा सडक सञ्जालको विस्तार, विद्युत् पहुँच, शैक्षिक तथा स्वास्थ्य संस्थाको सुदृढीकरण लगायतका क्षेत्रमा प्रगति हासिल भएको भए तापनि गुणस्तरीय सेवा प्रवाह, उत्पादनमुखी अर्थतन्त्रको विकास, रोजगारी सिर्जना तथा पूर्वाधार विकासका क्षेत्रमा थप प्रयास आवश्यक रहेको छ।

विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दी, जलवायु परिवर्तनका असर, कृषि उत्पादन लागतमा भएको वृद्धि, युवा जनशक्तिको वैदेशिक रोजगारतर्फ बढ्दो आकर्षण तथा प्राकृतिक विपद्को जोखिमले स्थानीय विकास प्रक्रियामा प्रत्यक्ष प्रभाव पारेको छ। अर्कोतर्फ कृषि, पशुपालन, जडीबुटी, फलफूल उत्पादन, पर्यटन तथा लघु उद्यम विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने पर्याप्त सम्भावनाहरू गाउँपालिकामा विद्यमान रहेका छन्।

सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रमा पहुँच विस्तार भए तापनि सेवाको गुणस्तर अभिवृद्धि, महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको जीवनस्तर सुधारका लागि लक्षित कार्यक्रमहरूको आवश्यकता महसुस गरिएको छ। साथै सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रविधिमैत्री सेवा प्रवाहमार्फत नागरिक र स्थानीय सरकारबीचको विश्वास अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

यस परिवेशमा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय तथा प्रदेशस्तरीय नीति तथा योजना, दिगो विकास लक्ष्य र गाउँपालिकाको आवधिक योजनालाई मार्गदर्शनका रूपमा ग्रहण गर्दै सिगास गाउँपालिकाले आर्थिक समृद्धि, सामाजिक न्याय, दिगो विकास र सुशासनलाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

**गाउँसभा सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०८२/०८३ मा सीमित स्रोत साधनका बाबजुद पनि गाउँपालिकाले विकास निर्माण, सेवा प्रवाह तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरू प्रस्तुत गर्दछु ।

- आ.व. २०८२/०८३ मा अनुमानित आन्तरिक राजस्व रु. ७६ लाख १५ हजार अनुमान गरिएकोमा हालसम्म रु. ३० लाख ६१ हजार ५४७ रकम संकलन भएको छ ।
- संघीय सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान रु. ९ करोड ६० लाखमध्ये हालसम्म रु. ८ करोड ७७ लाख ९२ हजार, राजस्व बाँडफाँड तर्फ रु. १० करोड ७३ लाख ९८ हजार १०९ मध्ये रु. ९ करोड १३ लाख ५६ हजार ९२०, सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८२ लाख ३० हजार मध्ये रु. ७५ लाख २६ हजार ३३५ र सवारी साधन कर वापत रु. २९ लाख ७१ हजार मध्ये रु. २१ लाख ३५ हजार रकम प्राप्त भईसकेको छ ।
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट उपलब्ध समपुरक, विशेष र सशर्त अनुदानबाट संचालित र गाउँपालिकाबाट विनियोजित विभिन्न चालु तथा पुँजीगत योजना तथा कार्यक्रमहरु संचालन भईरहेका छन ।
- महालेखा परीक्षकको प्रतिवेदन अनुसार हालसम्मको जम्मा बेरुजुमध्ये रु. ११ करोड २५ लाख ५३ हजार फछ्यौंट भएको छ।
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट उपलब्ध समपुरक, विशेष र सशर्त अनुदानबाट संचालित योजना तथा कार्यक्रमहरु संचालन भईरहेका छन र गाउँपालिकाबाट विनियोजित विभिन्न चालु तथा पुँजीगत योजना तथा कार्यक्रमहरु
- हालसम्म गाउँपालिका सदरमुकाममा प्रशासकीय भवन, कर्मचारी तथा जनप्रतिनिधि निवास र विभिन्न वडा कार्यालय भवन निर्माण भई सेवा प्रवाह भईरहेका छन ।
- नजिकको राजमार्गबाट सदरमुकाम जोड्ने सडक श्रीभावर-दोगाड-लेक-गर्जे सडक निर्माणको प्रक्रिया त्रिपक्षीय सम्झौता भई निरन्तर रुपमा अगाडी बढीरहेको छ ।
- गाउँपालिकाभित्र सम्पूर्ण वडाहरुमा सडकको पहुँच पुगेको छ । साथै वडा नं. ३ र ५ को कार्यालय र अन्य गाउँबस्तीहरुमा सडकको पहुँच पुऱ्याउन गाउँपालिका लागिरहेको यहाँहरुमा जानकारी गराउन चाहन्छु ।
- राजमार्गबाट नजिक तथा बाह्रै महिना चल्न सक्ने सडक गाँजरी-कुर्चिनेटा-गर्जे सडक निर्माणको लागि DPR, IEE तथा EIA स्वीकृत भईसकेको र अनुमोदनका लागि प्रदेश सरकार लगायत विभिन्न निकायहरुमा पठाईसकेको छ । साथै गाँजरी-काँठा-थालाकाँडा सडक निर्माण कार्य अगाडी बढाउन सम्बन्धित निकायहरुमा पहल चलिरहेको र गाँजरी-कुर्चिनेटा-गर्जे सडकको निर्माण कार्य चलिरहेको छ । दुईवटै सडकहरु गर्जेबाट शुरु भई निर्माणाधीन अवस्थामा रहेका छन।
- सिगास गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको लागि जग्गा प्राप्त भईसकेको र DPR स्वीकृत भई फिल्ड निर्माण कार्य सम्पन्न भईसकेको छ।

- सिगास गाउँपालिकाको मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्र सिगास मन्दिर, कालपोखरी मन्दिर, देउलेक मन्दिर, भुमिराज मन्दिर लेकमको निर्माण कार्य अन्तिम चरणमा रहेको र अन्य मन्दिर, देउघर, सत्संग, धर्मशाला निर्माण कार्य यसअघि नै निर्माण सम्पन्न भईसकेका र चौखाम मन्दिरको डिपीआर समेत स्वीकृत भईसकेकाले निर्माण कार्य अगाडी बढाउन बजेट विनियोजन गरिनेछ । जसले गर्दा आन्तरिक तथा बाह्य पर्यटक भित्रिई यस क्षेत्रको आर्थिक विकासमा ठूलो सहयोग हुने अपेक्षा राखेको छु ।
- विद्युत प्राधिकरण बैतडी वितरण केन्द्रको सहकार्यमा वडा नं. १,२ र ३ को केही क्षेत्रमा विद्युतीकरण भई बत्ती बलेको र अन्य वडाहरुमा विद्युतीकरण गरी उज्यालो सिगास बनाउन संघीय सरकारसँग समन्वय गरी परियोजना मार्फत निरन्तर निर्माण कार्य चलिरहेको छ र निकट भविष्यमै उज्यालो गाउँपालिका हुनेमा पूर्ण विश्वस्त छु ।
- वडा नं. ९ मा विभिन्न लघु जल विद्युत निर्माण तथा मर्मत सम्भार गरी विभिन्न टोलहरुमा नियमित बत्ति बलिरहेको छ र वडा नं. ६ मा निर्माण गरिएका थलालीगाड र भेकेखोला लघु जल विद्युत यथासीघ्र संचालन गर्ने लक्ष्यका साथ ११० दलित घर परिवारमा हाउस वायरिङ्ग समेत गरिएको छ ।
- स्थानीय स्तरमा खेल प्रवर्द्धन तथा खेलाडी उत्पादनमा प्रोत्साहन गर्न पालिकास्तरीय खेल मैदानको निर्माण कार्य अन्तिम चरणमा रहेको छ । साथै जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगितामा सिगास गाउँपालिकाले दोस्रो स्थान हासिल गरेको छ । साथै पद प्राप्त सम्पूर्ण खेलाडीहरुलाई प्रोत्साहन स्वरुप नगद पुरुस्कार र सम्मान कार्यक्रम संचालन हुने प्रक्रियामा रहेको छ ।
- गाउँपालिका अन्तर्गत सबै क्षेत्रहरुमा शुद्ध खानेपानीको सुविधा पुगेको छ । साथै घण्टौं पानी बोक्ने बाध्यताका कारण बुहारी नपाईने ठाउँका नाममा चिनिने वडा नं. ३ को लगन, ठूलिसैनी, हल्कासैनी, मैनोला र चमडेखर्क क्षेत्रमा लिफ्टिङ्ग खानेपानी निर्माणका लागि प्रदेश सरकारसँग पटक पटक अनुरोध गरी हाल घर घरमा खानेपानी पुऱ्याउन सफल भएका छौं ।
- विद्यार्थीहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि आधारभूत र माध्यमिक तह स्तरीय चित्रकला, बक्तृत्वकला, बादबिवाद प्रतियोगिता, हाँजिरिजवाफ प्रतियोगिता र विज्ञान प्रदर्शनी जस्ता विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- गाउँपालिकाभित्र MBBS डाक्टर उत्पादन गर्न गाउँपालिकाभित्र बसोबास गर्ने ४ जना विद्यार्थीलाई कम्तीमा २ देखि ४ वर्ष यस गाउँपालिकामा काम गर्ने सम्झौता सहित छात्रवृत्ति उपलब्ध गरिरहेका छौं र अन्य गरिब जेहेन्दार विद्यार्थीलाई शैक्षिक सहायता स्वरुप छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाभित्रका विभिन्न स्थानीय सडकहरु निर्माण तथा स्तरोन्नती गर्ने क्रममा घर पूर्ण रुपमा क्षति भएका तथा पूर्ण रुपमा जोखिममा रहेका घरको प्राविधिक मूल्याङ्कन गरी क्षतिपूर्ति प्रदान गरिएको छ ।
- आगलागी, भुकम्प, हावाहुरी, चटयाङ, बाढी/पहिरो, दुर्घटना जस्ता प्रकोपजन्य घटनाबाट प्रभावित व्यक्तिहरुलाई राहत रकम उपलब्ध गराईएको छ ।

- ❖ गाउँपालिकाभित्र बसोबास गर्ने आर्थिक रुपले विपन्न तथा उपचार गर्न नसक्ने परिवारलाई निजको उपचारमा आर्थिक सहायता उपलब्ध गराईएको छ।
- ❖ स्वास्थ्य सेवा अन्तर्गत यो वर्ष जम्मा जनाले २०,१२८ जनाले सेवा तथा परामर्श लिए, ३१६ जना गर्भवती महिलाहरुले नियमित जाँच गराएकोमा २१३ जना महिलाले स्वास्थ्य संस्थामा बच्चा जन्माएका छन् भने २६८ जना बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छन् ।
- ❖ जिल्ला स्वास्थ्य कार्यालयसँगको समन्वयमा विभिन्न स्वास्थ्य संस्थाहरुमा ग्रामिण अल्ट्रासाउण्ड, प्रजनन् स्वास्थ्य लगायत अन्य स्वास्थ्य शिविरहरु संचालन भएका छन । साथै क्षयरोग खोजपडताल कार्यक्रम, पूर्ण खोप दिगोपना घरधुरी सर्वेक्षण, प्रजनन रुग्णता, परिवार नियोजन जस्ता स्वास्थ्य कार्यक्रमहरु संचालन भएका छन ।
- ❖ गाउँपालिकाभित्र रहेका गाँजरी स्वास्थ्य चौकी, थलाकाँडा स्वास्थ्य चौकी र शिवलिङ्ग स्वास्थ्य चौकीमा स्मार्ट हेल्थ कार्यक्रम संचालनमा रहेको छ । उक्त कार्यक्रमबाट बिरामीहरुले डक्टरसँग सिधै भिडियो कल मार्फत परामर्श सेवा प्राप्त गरिरहेका छन ।
- ❖ गाउँपालिकाभित्रका सबै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाई, वर्थिङ सेन्टर निर्माण गरी कर्मचारी व्यवस्थापन गरिएको छ । साथै सम्पूर्ण संस्थाहरुमा औषधी आपूर्ति गरि निःशुल्क रुपमा वितरण गरिएको छ ।
- ❖ गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुमा इन्टनेट, सोलार, खानेपानी र सरसफाई योजना निर्माण भएका छन भने गाउँपालिका अनुदानमा शिक्षक व्यवस्थापन गरिएको छ ।
- ❖ शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको वर्षिक प्रतिवेदन अनुसार सिगास गाउँपालिकाभित्रका विद्यालयको कार्य सम्पादन स्तर ७३.३२% औषत अङ्क प्राप्त गरी बैतडी जिल्लामै प्रथम स्थान हासिल गरेको छ ।
- ❖ राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगारीसँगै दिगो बिकाससँग साँझेदारी गर्ने गाउँपालिकाको लक्ष्य अनुरुप भवन निर्माण, वर्थिङ सेन्टर, मन्दिर, सिँचाई, खानेपानी र विद्यालय खेलमैदान जस्ता विविध योजनाहरु निर्माण संचालन गरी ४५ जना सूचीकृत बेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारी प्राप्त गरेका छन
- ❖ कृषि विकास कार्यक्रम अन्तर्गत ६६० जना कृषकलाई मिनिकिट, १२० जना कृषकलाई तरकारी बिउँ बिजन, ५० जना कृषकलाई मौरी सामाग्री र ४२ जना कृषकलाई भटमासको बिउँ बिजन वितरण र ४२० जना कृषकलाई पशु औषधी वितरण गरियो ।
- ❖ गाउँपालिकाभित्र रहेका १०० जना जेष्ठ नागरिकहरुलाई १ जोर थर्मकोट र १ थर्मस वितरण गरी सम्मान गरिनुका साथै आमा र बुवा दुईटै गुमाएका टुहुरा बालबालिकालाई आर्थिक सहायता प्रदान गरियो। साथै प्रत्येक वडा कार्यालयमा अन्तर्राष्ट्रिय महिला दिवस लगायतका कार्यक्रमहरु संचालन गरिएका छन ।
- ❖ महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट लैङ्गिक समानता समावेशीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम र बालबिवाह न्यूनीकरण सम्बन्धी तालिम संचालन गरियो ।
- ❖ पञ्जीकरण तर्फ जेष्ठ नागरिक, विधवा, अपाङ्गता भएका व्यक्ति, क्षेत्र तोकिएका बालबालिका र दलित बालबालिकाहरु सामाजिक सुरक्षामा आवद्ध भई सुविधा भोग गरिरहेका छन ।

- ❖ सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा जनप्रतिनिधि तथा कर्मचारीहरुले क्षमता अभिवृद्धि तालिम लिएका छन् । शिक्षा तालिम केन्द्रद्वारा गाउँपालिकाभित्र रहेका विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले विभिन्न तालिमहरु प्राप्त गरेका छन ।

**गाउँसभा सदस्यज्यूहरु,**

**अव म यस स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।**

**पूर्वाधार विकासः**

१. गाउँपालिकाभित्र सडकको पहुँच नपुगेका टोल/बस्तीहरुमा सडक निर्माणका लागि विशेष जोड दिईनेछ ।

२. श्रीभावर-दोगाड-लेक-गर्जे सडकलाई कालोपत्रे बनाउन त्रिपक्षीय सम्झौता बमोजिम आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. सिगास गाउँपालिकाभित्रका स्थानीय सडकहरुलाई बाह्रै महिना चल्ने बनाउन सडक स्तरोन्नती तथा सडक सफाई कार्यलाई निरन्तरता दिईनेछ ।

४. गाँजरी काँठा थालाकाँडा सडक र DPR,IEE,EIA भईसकेको गाँजरी कुर्चिनेटा गर्जे सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

५. स्थानीय स्तरमा खेल प्रवर्द्धन तथा खेलाडी उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यका साथ वडा नं. ४ मा निर्माणाधीन रहेको ओखलसैनी खेलमैदानको निर्माण कार्य सम्पन्न गरिनेछ ।

६. खानेपानी तथा सरसफाईका योजनाहरुमा गुणस्तर सुधार गरिनेछ ।

७. विद्यालय भवन, शौचालय, फिल्ड निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

८. सार्वजनिक भवन र सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

९. सडक गुरुयोजना निर्माण गरिनेछ ।

१०. गाउँपालिकाभित्र सुरक्षित आवास, भुकम्प सम्बन्धी जानकारी, सुरक्षित तथा शुद्ध खानेपानी जस्ता जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछन् ।

११. भुकम्प प्रतिरोधी भवन निर्माण विकासमा जोड दिईनेछ ।

१२. भवन निर्माण तथा नक्सा पास सम्बन्धी कार्यविधि बनाई लागू गरिनेछ ।

१३. प्राविधिक कर्मचारीहरुलाई दिईदै आएको फिल्ड भत्तालाई योजना अनुगमन, प्राविधिक सल्लाह सुझाव र फिल्ड रिपोर्टिङका आधारमा मात्र उपलब्ध गराईनेछ ।

१४. आ.व.को अन्त्यमा मात्र योजना कार्यान्वयन हुने परिपाटी अन्त्य गरी योजना तथा कार्यक्रमको सफल कार्यान्वयन गरिनेछ ।

१५. उपभोक्ता समितिद्वारा निर्माण गरिने जटिल प्रकृतिका निर्माण कार्यमा प्राविधिक सल्लाह, परामर्श र निगरानी रहनेछ ।

१६. निर्माण कार्यहरु गर्दा वातावरणमैत्री, दिगो विकास लक्ष्य, पञ्चवर्षे योजना, सोह्रौं योजनाको लक्ष्य अनुकूल हुने गरी कार्यान्वयन गरिनेछ ।

**स्वास्थ्य सेवाः**

१७. सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा वितरण हुने औषधी तथा सेवाहरुलाई निरन्तरता दिईनेछ ।

१८. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुलाई किशोरकिशोरीमैत्री, लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री बनाईनेछ ।

१९. स्मार्ट हेल्थ कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०. मानसिक स्वास्थ्य, प्रजनन स्वास्थ्य लगायतका अन्य स्वास्थ्य शिविरहरु निःशुल्क रुपमा संचालन गरिनेछन ।

२१. उपाध्यक्ष कोसेली कार्यक्रम, सुनौलो हजार दिनका विपन्न महिलाहरुलाई पोषण प्रवर्द्धन कार्यक्रम, सुरक्षित मातृत्व प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२. एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ।

२३. कुपोषणमुक्त सिगास अभियान संचालन गरी गर्भवती, सुत्केरी, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार गरिनेछ ।

२४. मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई सुदृढ गरिनेछ।

२५. उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायतका नसर्ने रोगको नियमित स्क्रिनिङ्ग तथा व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

२६. विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरी स्वास्थ्य शिक्षा र सचेतना अभिवृद्धि गरिनेछ ।

२७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिकका लागि घरदैलो स्वास्थ्य सेवा संचालन गरी स्वास्थ्य परामर्श तथा उपचार गरिनेछ ।

२८. म स्वस्थ मेरो समुदाय स्वस्थ भन्ने नाराका साथ स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ ।

**शिक्षा तथा मानव स्रोत विकासः**

२९. गाउँपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयहरुलाई प्रदान गरिने शैक्षिक अनुदानलाई निरन्तरता दिईनेछ ।

३०. गरिब जेहेन्दार विद्यार्थीहरुलाई प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३१. गाउँपालिकाभित्र स्थायी रुपले बसोबास गर्ने MBBS अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३२. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुलाई संस्थागत गरिनेछ र गाउँपालिकामा मा.वि. तथा आ.वि. स्तरीय विभिन्न क्रियाकलाप संचालनलाई निरन्तरता दिईनेछ ।

३३. गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

३४. माध्यमिक तहसम्मको निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराईनेछन। साथै स्थानीय भाषा र संस्कृति समेटी बनाईएको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३५. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालयका प्रधानाध्यापक र शिक्षा शाखा प्रमुखबीच कार्यसम्पादन करार गरिनेछ ।

३६. एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई उचित पुरुस्कारको व्यवस्था गरिनेछ र समग्रमा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप शैक्षिक अनुदान प्रदान गरिनेछ ।

**कृषि तथा पशुपालन क्षेत्रः**

३७. गहत, मास, कोदो, भटमास, कोदो, मकै, धानजस्ता स्थानीय उत्पादनमा विशेष जोड दिईनेछ ।

३८. मह तथा नगदे बाली उत्पादनमा संलग्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

३९. मौसमी तथा बेमौसमी बीउ बिजन वितरणलाई पारदर्शी बनाईनेछ ।

४०. कुटानी पिसानी लगायतका परम्परागत प्रविधिलाई संरक्षण गरिनेछ ।

४१. तरकारी तथा फलफुल पकेट क्षेत्र निर्धारण गरी सो क्षेत्रका कृषकहरुलाई उचित सम्बोधन गरिनेछ ।

४२. भैसी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

४३. पशुपालन गरिरहेका कृषकहरुका लागि औषधी उपचार, महामारी रोग नियन्त्रण कार्यक्रम, निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछन् ।

४४. कृषि तथा पशुपंक्षी अनुदान वितरण प्रक्रियालाई एकीकृत र पारदर्शी बनाईनेछ ।

४५. कृषि तथा पशुपंक्षी बीमाका लागि सम्पूर्ण कृषकहरुलाई प्रोत्साहन तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

४६. कृषि तथा पशुपंक्षी फर्म, कृषक समूहहरुलाई दिईने अनुदानहरुमा पारदर्शी बनाईनेछ ।

**रोजगारी र उद्यमशीलता**

४७. रोजगार, सीप तथा उद्यमशीलताको एकीकृत सेवा प्रवाह सुनिश्चित गर्न रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रका रुपमा रुपान्तरण गरी प्रभावकारी ढङ्गले संचालन गरिनेछ ।

४८. आर्थिक तथा वित्तीय साक्षरता सम्बन्धी अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ र बैदेशिक रोजगारीका लागि भारत लगायत अन्य मुलुक गएका ब्यक्तिहरुको लगत संकलन गरिनेछ ।

४९. बालश्रम लगायतका सबै प्रकारका श्रम शोषण हटाउन **"शोषण रहित श्रमिक कार्यक्रम"** संचालन गरिनेछ ।

५०. "नागरिकको श्रम र पसिना राष्ट्र निर्माणका गहना" नीति अनुरुप **"श्रमको सम्मान राष्ट्रको अभियान"** कार्यक्रम संचालन गरिनेछ ।

५१. राष्ट्रिय रोजगार कार्यक्रममा लागत साँझेदारी गरिने कार्यलाई थप प्रभावकारी गरी निरन्तरता दिईनेछ ।

५२. गाउँपालिकाभित्र संचालनमा रहेका उद्योग, पसल र अन्य फर्महरुको नियमित अनुगमन गरिनेछ ।

**लक्षित वर्ग सशक्तिकरणः**

५३. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दलित, महिला, बालबालिका तथा विपन्न समुदायहरुका लागि विशेष कार्यक्रम लागू गरिनेछ ।

५४. सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाई वडा कार्यालयमै भत्ता उपलब्ध गराउन बैंकसँग सहकार्य गरिनेछ ।

५५. बालबालिकाका लागि बाल संरक्षण कार्यक्रम सुदृढ गरिनेछ। बालबिवाह न्यूनिकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन तथा गाउँपालिकाभित्र रहेका बाल सञ्जाल, बाल क्लवहरुलाई सक्रिय बनाईनेछ ।

५६. किशोर किशोरी युवा सम्मेलन आयोजना संचालन गरिनेछ ।

५७. स्थानीय युवा परिषद गठन गरी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

**संस्कृति, पर्यटन र वातावरणः**

५८. सिगास गाउँपालिकाको ऐतिहासिक तथा धार्मिक क्षेत्र अन्तर्गत निर्माणाधीन सिगास मन्दिर, कालपोखरी मन्दिर, देउलेक मन्दिर, भुमिराज मन्दिर लेकमको निर्माण कार्य सम्पन्न हुनेछ । साथै अन्य मन्दिर तथा धार्मीक पर्यटकीय स्थलहरु संरक्षण तथा प्रवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।

५९. गाउँपालिकाको सदरमुकाम गर्जे स्थित तालको संरक्षण गरी शिव मन्दिर निर्माण र पार्क निर्माणका लागि बजेट माग गरिएको छ र संग्रहालय स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

६०. गाउँपालिकाभित्र आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन संचालन गरिनेछ ।

६१. खानी तथा खानीजन्य स्थलको संरक्षण, प्रवर्द्धन र नियमन गरिनेछ ।

६२. सामुदायिक वन संरक्षण तथा व्यवस्थापन गरिनेछ र जडीबुटी संकलन तथा संरक्षण कर्यलाई व्यवस्थित गरिनेछ ।

६३. विपद् जोखिम न्यूनीकरणका लागि विपद् प्रतिकार्य योजना कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

६४. बातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम बिस्तार गरिनेछ।

**सुशासन र प्रशासनः**

६५. कार्यालय र मातहतका कार्यालयबाट प्रवाह गरिने सेवाहरुमा पारदर्शिता, जवाफदेहिता र सहजता सुनिश्चित गरिनेछ ।

६६. गुनासो तथा उजुरी संकलन गरी उचित सुनुवाई हुनेछ ।

६७. बेरुजु न्यूनिकरण तथा वित्तीय अनुशासनलाई प्राथमिकता दिईनेछ ।

६८. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित बनाईनेछ ।

६९. गाउँपालिकाभित्रका विभिन्न कार्यक्रम तथा विभिन्न बैठक संचालनका लागि सेमिनार हल निर्माण गरिनेछ ।

७०. गाउँपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राख्न तथा मर्यादित जीवनयापनका लागि गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारी, गाउँपालिका अनुदानबाट नियुक्त शिक्षक, बालविकास शिक्षक, विद्यालय कर्मचारीहरुको पारिश्रमिक सेवा सुविधा बृद्धि गरिनेछ र स्थायी कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । साथै गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वीपर र महिला स्वास्थ्य स्वयमसेविकाहरुको सेवा सुविधा वृद्धि गरिनेछ ।

७१. गाउँपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा ई-हाँजिरीको व्यवस्था गरिनेछ ।

७२. सिगास गाउँपालिका अन्तर्गत संचालन भईरहेको जग्गा बर्गीकरण सम्बन्धी कार्यलाई यस आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

७३. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ । अन्तरपालिका सिकाई आदान प्रदान, आन्तरिक पर्यटन प्रवर्द्धनका लागि भ्रमण एवम् रिफ्रेसमेन्ट कार्यक्रम लागू गरिनेछ ।

७४. कार्य सम्पादनको आधारमा गाउँपालिकाभित्रको उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

७५. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलाई नियमित गरिनेछ ।

७६. **"सुशासन र समृद्धि नागरिकको अधिकारः भ्रष्टाचार नियन्त्रणमा बनौ सबै जिम्मेवार"** भन्ने नारालाई सफल पार्न भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गरिनेछ ।

**न्यायिक सेवाः**

७७. न्यायिक समितिको संरचनात्मक सुदृढीकरण गरिनेछ ।

७८. वडाहरुमा रहेका मेलमिलापकर्ताहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

७९. घरेलु हिंसा, बालविवाह, लैङ्गिक हिंसा तथा सामाजिक विभेद विरुद्ध जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

८०. दर्ता भएका उजुरीहरुको समयमै मेलमिलापको माध्यमबाट समाधान गरिनेछ ।

८१. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित तथा विपन्न वर्गको न्यायमा पहुँच सुनिश्चित गर्ने र वडा स्तरका मेलमिलाप केन्द्रलाई सक्रिय बनाईनेछ ।

अन्य कार्यक्रमहरुः

८२. विपद् व्यवस्थापन कोष, छात्रवृत्ति कोष, कर्मचारी कल्याण कोष र आर्थिक सहायता कोषलाई निरन्तरता दिईनेछ ।

८३. अपाङ्गता परिचयपत्र वितरण कार्यलाई थप व्यवस्थित बनाईनेछ।

८४. मेला महोत्सव र सांस्कृतिक प्रदर्शनीको आयोजना गरिनेछ।

८५. गाउँपालिकाभित्रका विभिन्न स्थानीय सडकहरु निर्माण तथा स्तरोन्नती गर्ने क्रममा घरमा पूर्ण रुपमा क्षति भएका तथा पूर्ण रुपमा जोखिममा रहेका घरको मूल्याङ्कन गरी क्षतिपूर्ति प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

८६. आगलागी, भुकम्प, हावाहुरी, चटयाङ, बाढी/पहिरो, दुर्घटना जस्ता प्रकोपजन्य घटनाबाट प्रभावित व्यक्तिहरुलाई राहत दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८७. गाउँपालिकाभित्र बसोबास गर्ने आर्थिक रुपले विपन्न तथा उपचार गर्न नसक्ने परिवारलाई निजको उपचारमा उपलब्ध गराईदै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**अन्त्यमा, आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव, समन्वय र सहयोग गर्नुहुने यस सिगास गउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, विज्ञ, संचार जगत र आम नागरिकहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । स्थानीय सरकारले यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छ ।**

**धन्यवाद!**

**हरि सिंह धामी**

**अध्यक्ष**

**सिगास गाउँपालिका, बैतडी**

**ईतिसम्वत् २०८३ साल असार ८ गते सोमबार,**

**नेपाल सम्वत् ११४६, तछलाथ्व अष्ठमी, सोमबार।**